बाल सन्दर्भसामग्री

बालबोध - २४

# हाम्रा प्राविधिक सम्पदा



बाल सन्दर्भसामग्री

बाल बोध - २४

# हाम्रा प्राविधिक सम्पदा

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**

प्रकाशक : श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केंन्द्र**
सानोठिमी, भक्तपुर

लेखक : डा. छविलाल गजुरेल

सम्पादन : गोरखबहादुर सिंह

भाषा सम्पादन : हरि गौतम

दृष्टान्त चित्र : सुमन बज्राचार्य

आवरण : नवीन्द्र राजभण्डारी

कम्प्युटर लेआउट : नन्दमाया सिटौला

© सर्वाधिकार प्रकाशकमा निहित

पहिलो संस्करण : २०५८ वैशाख

# प्राक्कथन

बालकालिकाहरूका ज्ञान, सीप तथा अभिवृत्ति बढाउन, मनोरञ्जन प्रदान गर्न र मानसिक तथा बौद्धिक विकासका लागि सन्दर्भसामग्रीहरू उपलब्ध हुनु अत्यावश्यक ठानिन्छ । यस्ता विविध सन्दर्भसामग्रीहरूले विद्यार्थीहरूलाई लगनशील र अध्ययनशील वनाई पाठ्यपुस्तकमा भएका विषयवस्तु सजिलै ग्रहण गर्न सहयोग पुऱ्याउँछन् । उल्लिखित कुरालाई मनन गरी पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तकका अतिरिक्त अन्य पाठ्यसामग्रीहरू पनि प्रकाशन गर्दै आएको छ ।

विद्यार्थीहरूको सर्वाङ्गीण विकास गराई उनीहरूमा जिज्ञासु प्रवृत्ति र सिर्जनात्मक क्षमता अभिवृद्धि गराउनका लागि सन्दर्भसामग्री निर्माण गर्ने क्रममा पाठ्यक्रम विकास केन्द्रले यो शृङ्खला तयार पारिएको हो । हाम्रो देशका अधिकांश बालबालिकाहरूले पाठ्यपुस्तकका अतिरिक्त अन्य सामग्री नगण्य रूपमा मात्र पढ्न पाउने भएकाले पनि यस्ता सामग्री बढी आवश्यक र उपयोगी हुने कुरामा दुईमत हुँदैन ।

यो सामग्री विशेषत: कक्षा चार र पाँचका विद्यार्थीहरूको स्तर हेरी तयार पारिएको छ तापनि परिस्थितिअनुरूप अन्य कक्षाहरूमा पनि उपयोगी हुने अपेक्षा गरिएको छ । प्राथमिक कक्षा भनेको शिक्षाको आधार भएको कुरालाई दृष्टिगत गरी शिक्षकहरूले प्रस्तुत सामग्री विद्यार्थीहरूलाई पढ्ने मौका दिई परस्पर छलफलसमेत गराउन सके यसको प्रभावकारिता बढ्नेछ ।

यो सामग्री तयार पार्न सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूलाई पाठ्यक्रम विकास केन्द्र कृतज्ञता व्यक्त गर्दछ, साथै यस सामग्रीका सन्दर्भमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाको हार्दिक स्वागत गर्दछ ।

शिवप्रसाद सत्याल
महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

२०५८

# कथाक्रम

[redacted]

२. जाँतो ५

[redacted]

४. बयलगाडा १४

[redacted]


६. उर्घन र लुसी २४

[redacted]

८. तोरी पेल्ने कोल ३३

# ढिकी

आज बिहानैदेखि विद्यालयमा रमाइलो वातावरण देखिन्थ्यो । शैक्षिक भ्रमणमा जाने भनेर विद्यार्थीहरू रमाएका थिए । विज्ञान शिक्षकको साथ लागेर करिब २० जना विद्यार्थी शैक्षिक भ्रमणमा जान लागेका थिए । यस भ्रमणमा आफ्नै देशदर्शन गर्ने र गाउँघरमा भएका हस्तकला या प्रविधिसम्बन्धी कुरा अवलोकन गर्ने निधो भएको हो । शिक्षक र विद्यार्थीको टोली बस चढेर दिउँसो करिब १ बजे प्रस्थान गरे । करिब एक घण्टाको भ्रमणपछि उनीहरू



सानो चिटिक्क परेको एउटा गाउँको नजिक पुगे । बस छोडेर केही बेर हिँड्पछि उनीहरूले एउटा गाउँको सानो सिँगारिएको घरमा पुगे । त्यो घर सम्पन्न परिवारको जस्तो दे[illegible]यो । त्यो घरको पिँढीमा दुईजना युवतीहरू एउटा काठको यन्त्र चलाइरहेका थिए । एउटी अधवैँसे आइमाई नाङ्लो (सूपो) मा चामल केलाउँदै थिइन् । त्यो यन्त्र चलाउँदा त्यसवाट भक्ल्याङ्भक्ल्याङ् आवाज आउँथ्यो । एकाएक त्यत्रो विद्यार्थीको जमात देखेर ती युवतीहरू मुस्काए र लाज मानेजस्तो गरी अर्कोतिर फर्के । अधबैँसे आइमाईचाहिँ आफ्नै काममा व्यस्त थिइन् । घरका मालिकले शिक्षक र विद्यार्थीको स्वागत गरे । सबैलाई एकएक कचौरा मही (दही मथी बनाएको) खान दिए । मही कहिले नखाएका विद्यार्थीलाई त्यसको स्वाद पनि अपूर्व लाग्यो । घर मालिकसँग एक छिनको भलाकुसारीपछि शिक्षकले विद्यार्थीलाई भन्न थाले -

शिक्षक : विद्यार्थीहरू ! आज हामी हाम्रा गाउँघरमा केही सिक्न भनेर आएका छौँ । लौ भन, तिमीहरूले यहाँ नयाँ कुरा के देख्यौ ?

विद्यार्थी : सर ! यो अनौठोको आवाज निकाल्ने यन्त्रको नाम के हो ?

शिक्षक : नानी हो ! यसको नाम ढिकी हो । यो हाम्रो राष्ट्रिय गौरव हो । यो हाम्रो गौरवमय प्राविधिक सम्पदा हो ।

विद्यार्थी : सर ! यसले के काम गर्छ ?

शिक्षक : यसले धान कुट्ने, चिउरा कुट्ने, कोदो फल्ने, मकैको च्याख्ला बनाउने काम गर्दछ ।

विद्यार्थी : यो यन्त्र चलाउन दुई जना दिदी लाग्नुभएको छ । के एकजनाले मात्र यो यन्त्र चलाउन सक्दैन ?

शिक्षक : एकजनाले पनि ढिकी चलाउन सक्छ तर अलि गाह्रो हुन्छ । दुईजनाले चलाउँदा ढिकी धेरै समय चलाउन सकिन्छ ।

विद्यार्थी : यो ढिकीले कसरी काम गर्छ, त्यो सरले बताइदिनुहुन्थ्यो कि ?

शिक्षक : तिमीहरूले साह्रै राम्रो प्रश्न गर्‍यौ । वास्तवमा ढिकीले कसरी काम गर्छ भनेर जान्न खोज्नु हाम्रा पुर्खाले गरेका कामको अध्ययन गर्नु हो ।

नानी हो ! ढिकीले लिभर (Lever) को सिद्धान्तमा काम गर्दछ । ढिकीको टाउको पछिको भागले धान कुट्ने काम गर्दछ भने यसको पुच्छरपट्टिको भागलाई खुट्टाले थिचेर ढिकीलाई तलमाथि गर्नुपर्छ ! ढिकीको टाउकोपट्टि एउटा मुसल जोडिएको हुन्छ र त्यसमा धारिलो फलामको सामी जोडिएको हुन्छ । यही सामीले ओखलमा राखेको धानलाई ढिकी चलाउँदा बारम्वार प्रहार गर्दछ र धानबाट चामल छुट्याउने काम गर्दछ । ढिकी चलाउन पुच्छपट्टिको भागलाई दुईओटा कापा भएको ढुङ्गा वा काठमा आग्लो राखेर आग्लोलाई ढिकीको काठभित्र छेडेर जडान गर्नुपर्छ । ढिकीको पुच्छरलाई तलसम्म पुऱ्याउन पुच्छरपट्टि एउटा सानो खाडल बनाइएको हुन्छ । पुच्छरको तल्लोपट्टिको आग्लोलाई कापा भएको ढुङ्गामा अठाउँदा ढिकी एक प्रकारको लिभर (Lever) जस्तो हुन्छ । त्यसैले पुच्छरपट्टिको सानो भागलाई थिच्दा पनि ढिकीको टाउकोपट्टिको लामो र गह्रौं भाग पनि उचालिन्छ । यो गह्रौं भागले ओखलमा राखेको धानमा जोडले प्रहार गर्दछ ।

वास्तवमा धान कुट्दा तीन चरणमा योकाम पूरा हुन्छ । पहिले धानलाई सामीले बारम्वार प्रहार गर्दा आधाजस्तो धानबाट भुस छुट्टिन्छ । यसलाई ओखलबाट झिकेर निफन्नुपर्दछ । यसमा धान र चामल सरोबर हुन्छन् । यसलाई दोस्रोपल्ट ढिकीमा कुट्दा र निफन्दा धेरैजसो धानबाट भुस हटिसकेको हुन्छ तर चामलमा टलक आउनुको साथै बाँकी रहेका धानका गेडा पनि चामलमा परिणत भइसक्छन् । यो तेस्रो पटकको कुटाइबाट आएको चामल निफन्दा ढुटो निस्कन्छ जुन अत्यन्त पोसिलो हुन्छ । यो ढुटोबाट पशुपक्षीको दाना बनाउने काम हुन्छ ।

विद्यार्थी : सर, त्यो काठजस्तो के हो ?

शिक्षक : त्यो टाउकोमा कपडा बेह्रेको लामो काठको नाम हो नाम्ले काठ । यसले ढिकी चलाउँदा ओखलबाटठ वाहिर आएको धान वा चामलाई ओखलमा धकेल्ने काम गर्दछ ।

विद्यार्थी : सर, त्यो वाटुलो चिज के हो ?

शिक्षक : त्यो बाटुलो चिज नाङ्लो हो । त्यसलाई बाँसको चोयाले बनाइन्छ । त्यसले चामलबाट भुस र ढुटो हटाउने काम गर्दछ ।

विद्यार्थी : ढिकीको बेफाइदा पनि छ कि ?

शिक्षक : ढिकी चलाइ रहँदा लुँडी (नाम्लेकाठ) को प्रयोग नगरी हातैले चामल वा धान ओखलमा पठाउने काम पनि गरिन्छ । यसो गर्दा कहिलेकाँही हात काटिने डर हुन्छ ।

विद्यार्थी : पल्लो घरमा पनि यस्तै ढिकी चलाएको आवाज आएको सुनिन्छ नि ।

शिक्षक : हो, यहाँ गाऊँका घरघरमा ढिकी हुन्छ । अलि सम्पन्न परिवार सबैले आफ्नै ढिकी राख्छन् ।

विद्यार्थी : ढिकी जहिले पनि चलाउन हुन्छ ?

शिक्षक : घरमा श्राद्ध पर्दा, जुठो, सूतक पर्दा ढिकी चलाईदैन । अर्थात् मानिस मरेको समयमा र वच्चा जन्मिएको वेलामा नेपालीहरू ढिकी, जाँतो चलाउँदैनन् र हलो जोत्दैनन् ।

विद्यार्थी : ढिकीले एक दिनमा कति धान कुट्न सक्छ,

शिक्षक : लगातार ढिकी चलाइरहने हो भने १२ घण्टामा ढिकीले एक मुरी जति धान कुट्छ ।

विद्यार्थी : सर, एक मुरी भनेको कति हो ?

शिक्षक : रामशाहका पालामा चलेको माना, पाथी, मुरीको चलन सहरी क्षेत्रबाट प्रायश: हटिसक्यो । आजकल त लिटर, किलोग्राम र मिटरको चलन भएको छ । एक पाथी भन्नाले करिव ४ किलोग्राम भन्ने वुझिन्छ । त्यसैले एकमुरीमा करिब ८० किलोग्राम हुन्छ ।

यसरी शिक्षक र विद्यार्थी कुरा गरी रहँदा पनि ढिकी चलिरहेकै थियो । ढिकीसम्बन्धी जानकारी पाएर विद्यार्थी खुसी थिए । सबैलाई अनौठो अनुभव गरेका थिए । यसैवीचमा एउटा विद्यार्थीले शिक्षकसँग प्रश्न गऱ्यो ।

विद्यार्थी : सर, यो ढिकी चलाउनु सार्‍है गार्‍हो रहेछ । यसको कुनै विकल्प छैन ?

शिक्षक : यसलाई ढिकीकै रूपमा चलाउन पानीघट्टमा जस्तै पानीले पङ्खा घुमाएर पनि गर्न सकिन्छ । त्यसमा शारिरीक शक्ति आवश्यक हुँदैन । त्यस्तो ढिकीलाई पानी ढिकी भनिन्छ ।

विद्यार्थी : त्यस्तो पानी ढिकी कहाँ हेर्न पाइन्छ ?

शिक्षक : पानीघट्टजस्तो पानी ढिकी सबै ठाउँमा पाइँदैन । पानीघट्ट भएको कुनैकुनै ठाउँमा पानी ढिकी जडेको हुन्छ । यस्तो ढिकी नेपालको उत्तरी भागमा पाइन्छ ।


विद्यार्थी : हामीलाई पानी ढिकी पनि सार्‍है हेर्ने इच्छा छ ।

शिक्षक : हुन्छ, म हेडसरसँग कुरा गरेर एकदिन तिमीहरूलाई पानी ढिकी हेर्न नेपालको उत्तरी भागमा लानेछु ।

यत्ति कुरा गर्दैमा सबै विद्यार्थीका लागि खाजा आइपुग्यो । दही, चिउराको खाजा खान पाएर सबै विद्यार्थी प्रसन्न भए । अन्त्यमा उनीहरूले ढिकी र ढिकी चलाउने दिदीहरूको समेत फोटो खिँचेर आ-आफ्ना घरतर्फ फर्के ।



# जाँतो



एकदिन घरकी बूढीआमै पिँढीमा राखेको जाँतोमा मास पिँध्दै (पिस्दै) थिइन् । घरमा कोही पनि थिएनन् । जाँतो (झाँतो) घुमाउन उनलाई मुस्किल परेको थियो । यत्तिकैमा एउटा झिनो आवाज आयो । बूढीआमै ! बूढीले चारैतिर आँखा घुमाएर हेरिन् । कतै कोही देखिएन । यत्तिकैमा फेरि उही आवाज आयो । बूढीआमै ! म बोलको, म जाँतो । अनौठो नमान्नुहोस् । कोही पनि नहुँदा म पनि तपाईंजस्तै निर्दोष प्राणीसँग बोल्छु, आफ्नो मनको वह पोख्दछु । बूढीआमैलाई पहिले पत्याउनै नसक्ने कुरा भयो । पछि जाँतो(झाँतो) ले फटाफट बोल्न थालेपछि उनी पनि जाँतो(झाँतो) सँग कुरा गर्न थालिन् ।

बूढीआमै : जाँतो(झाँतो) बोलेको मलाई कहिल्यै थाहा थिएन । आज आश्चर्य भयो । लौ भन जाँतो(झाँतो) भाइले तिमीलाई के पिर पऱ्यो ?

जाँतो : म तपाईंलाई के साहिनो लगाऊँ । तपाईं बूढी हुनाले मैले बूढीआमा भनेको हो । वास्तवमा म तपाईंभन्दा जेठो छु धेरै जेठो छु । यो पिँढीमा बसेको पनि करिब ६० वर्ष भइसक्यो । तपाईंका ससुराले मलाई यहाँ ल्याएर राखेका हुन् । त्यसभन्दा पहिले म अर्कै घरमा थिएँ । जाँतोको रूप लिनुभन्दा पहिले त म ठूलो चट्टानको रूपमा एउटा पहाडको भिरमा थिएँ । एउटा सिपालु कारीगडले मलाई त्यहाँबाट बोकेर ल्याई दुई फ्याँक पारी छिनोले खोपेर जाँतोको रूप

दिएको हो । वास्तवमा पानीघट्टका चक्का मेरा दाजु हुन् । ठूला हुनाले उनीहरू पानीघट्टामा काम लागे । सानो हुनाले म जाँतो हुन पुगे । मैले धेरै घर चाहारी सकेको छु । यही घरको पिँढी कुरेको पनि ६० वर्ष नाघ्यो । तपाईं दुलही भएर आएको सम्झना ताजै छ । तपाईंले यस घरमा भोग्नुपरेको दुःख कष्ट मैले सबै देखेको छु ।

बूढीआमा : तिमी त मभन्दा धेरै जेठा रहेछौ । म तिमीलाई जाँतोभाइ भनेर नभनेर दाइ भन्छु ।

जाँतो : म पनि तपाईंलाई बूढीआमै नभनेर वैनी भन्छु । बैनीको साइनो लगाएपछि तपाईं भन्नुपर्दैन । यत्ति भनेर जाँतो र घरकी बूढीआमैले भाइबहिनीको साइनो लगाए । उनीहरूको वार्ता चल्दै गयो ।

बहिनी : जाँतो दाइलाई के पिर मर्का परेको छ ?

जाँतोदाइ : के भनु वैनी, म एकै थलोमा थच्चिएर वस्नुपरेको छ । कसैले मेरो वास्ता गर्दैन । मेरो मीत ढिकीलाई यही पिँढीवाट उखेले; मलाई पनि उखेलेर मिल्काउँछन् कि भन्ने पिर लागेको छ । आजकल गेडागुडी पिँध्ने नयाँनयाँ यन्त्र वजारमा आएका छन् रे भन्ने सुन्दछु । कतै मलाई पनि हटाउने हुन् कि ?

वहिनी : म वाचुन्चेल जाँतोदाइले पिर मान्नुपर्दैन । म जसरी भएपनि तपाईंको रक्षा गरुँला । वेलामौकामा यसै गरी खान दिउँला ।

जाँतोदाइ : के तपाईंका छोरा बुहारीले नयाँ सिमेन्टको घर ढलान गरेर बनाएपछि पनि मलाई राख्लान् त । सुन्दछु, नयाँ बङ्गला किसिमको घरमा पिँढी नै हुँदैन रे । अनि म कहाँ बस्ने ?

बहिनी : जाँतोदाइ ! धन्दा नमान्नुहोस् । तपाईं त नेपालको गौरव हुनुहुन्छ । नेपालीको प्रमुख परम्परागत प्रविधिमध्ये एक हुनुहुन्छ । कुन यस्तो अबुझ होला, जसले तपाईंलाई उखेलेर मिल्काओस् । म छोरा बुहारीसँग कुरा गरेर तपाईंलाई घरको माथि कौसीमा भएपनि स्थापना गर्न लगाउँला । तपाईंको जस्तो राम्रो काम त्यो मेसिनले गर्न सक्ने हो र ! तपाईंले पिसेको मास, सातु आदिको स्वाद नै बेग्लै हुन्छ ।

जाँतोदाइ : वहिनीको यस्तो कुरा सुन्दा मेरो भारी भएको मन केही हलुका भयो । तैपनि

कताकता डर लाग्दै । सुन्दछु नेपालीहरूले आफ्नो परम्परागत कला कौशल सवैलाई लात मारिसके । उनीहरू रङ्गीचङ्गी र भड्किला विदेशी सामान नै प्रयोग गर्न थाले रे । आफ्ना परम्परागत प्राविधिक सम्पदालाई सङ्ग्रहालयमा राख्ने कुरा गर्दै छन् रे । वहिनी कही यस्तो नहोस् । म जाँतो सानो भए पनि धेरै कुरा सुनेरै भएपनि जानेको छु ।'

वहिनी : जाँतोदाइले भनेका कुरा सवै सत्य हुन् । अहिले नेपालमा देखासिकी गर्ने चलन खुव वढेको छ । अहिलेको नेपाली ठिटोले हङ्कङ्मा वनेको जुत्ता लगाउँछ, जापानमा वनेको घडी वाँध्दछ, वेलायतमा बनेको कमिज र प्यान्ट लगाउँछ, आधा अङ्ग्रेजी भाषा मिलाएर वोल्दछ, दिनको अधिकांश समय टी.भी, कम्प्युटर, जुवा, तासमा विताउँछ । यस्ता नेपालीवाट के आशा गर्न सकिन्छ । नेपालीलाई काम गर्न नै मन छैन । नेपालीले त चैन र आराम मात्र गर्न जानेका छन् ।

जाँतोदाइ : वहिनीले मेरा मनमा उब्जेका सवै कुरा गरिदिनुभयो । के गरुँ, म त एउटै थलोमा वस्ने चिज भएँ ।

वहिनी : जाँतोदाइ, तपाईं त हाम्रो संस्कृतिको अभिन्न अङ्ग भइसक्नुभयो । जुठो, सूतक र श्राद्धमा हामी तपाईंवाट काम लिँदैनौं ।

जाँतोदाइ : हो वहिनी, नेपालमा वस्दावस्दा नेपाली नै सकें । हुन छ मेरा दाज्यु, भाइहरू अरू देशमा पनि छन् रे । तर तिनीहरू कस्ता छन्, के गरी रहेछन्, मलाई केही थाहा छैन । तिनीहरूको फोटो मात्र हेर्न पाए पनि मेरो मनमा शान्ति हुन्थ्यो । म त तपाईं नेपालीहरूको सुख दुःखमा साथ दिन्छु । तपाईंहरू रुदाँ म रुन्छु, तपाईंहरू हाँस्दा म पनि हाँस्दै छु । लौ भन्नुहोस्, म पूरापूर नेपाली भएँ कि भइन ।

बहिनी : कसले भन्छ, तपाईंलाई नेपाली होइन भनेर । तपाईंहरू त सबैजसो विकासशील देशमा हुंनुहुन्छ । विकसित देशले मात्र तपाईंका दाज्युभाइलाई सङ्ग्रहालयमा राखेका छन् ।

जाँतोदाइ : वहिनी, तपाईं त धेरै देश घुम्नुभएको छ । लौ भन्नोस् त मेरा दाज्युभाइ कसोकसो रहेछन् ?

बहिनी : जाँतो दाइ, मैले तपाईंका आफन्तलाई एसिया, अफ्रिका र युरोपका पनि केही

देशमा देखेको छु । धन्दा नमान्नु होस्, तपाईं एक्लो हुनुहुन्न । अँ दाइ, मैले त एउटा कुरा सोध्नै बिर्सेछु । भनि दिनोस् त साच्चै तपाईं काम कसरी गर्नुहुन्छ ।

जाँतोदाइ : म बसीबसी खान्छु, काम गर्दिन भन्ने भान वहिनीलाई पनि परेको जस्तो छ । ल सुन, म बसेरै भए पनि कसरी काम गर्छु । सर्वप्रथम मलाई ठूलो ढुङ्गा फुटाएर दुई फ्याँक पारिन्छ । दुई फ्याँक पारेर दुवै फग्ल्याँटाको एकातिर छिनोले खोप्दै सम्म पारिन्छ । दुवै फग्ल्याँटाको अर्को साइडलाई पनि सकेसम्म सतह सम्म समतल पारिन्छ । त्यसपछि एउटा फग्ल्याटोलाई सम्म परेको सतह माथितिर पर्नेगरी गाडिन्छ । यसरी गाडनुअगाडि तल्लो फग्ल्याँटोको वीचमा फलामको डन्डी छिर्ने प्वाल खोपिन्छ । माथिल्लो फग्ल्याँटोको बीचमा पनि छिनाले प्वाल खोपिन्छ तर यो प्याल तल्लो फग्ल्याँटोको भन्दा ठूलो हुन्छ । यसरी तल्लो फग्ल्याटो जमिनमा गाडेपछि यसको बीचको प्वालबाट फलामको डन्डीबीचमा ठोकिन्छ । यो फलामको डन्डी तल्लो चक्काको प्वालमा टम्म मिलेको हुन्छ । त्यसपछि तल्लो चक्का माथि माथिल्लो चक्का राखिन्छ । यसरी राख्दा फलामको डन्डी माथिल्लो चक्काभन्दा माथि आइ पुग्नुपर्छ । यो फलामको डन्डी वास्तवमा मानी (Axle) हो जसको वरिपिर मेरो माथिल्लो चक्का घुप्दछ । माथिल्लो चक्काको छेउमा अलिकति छेडेर प्वाल बनाइएको हुन्छ जसका काठको हातो (handle) ठोकेर जडान गरिन्छ । माथिल्लो चक्का घुमाउन यही हातो समातेर घुमाइन्छ । मेरो माथिल्लो चक्काको वीचको प्वालवाट मास, गेडागुडी आदि हालिन्छ र यसलाई हातोको सहाराले घुमाइन्छ । यसरी घुमाउँदै जाँदा गेडागुडी स्वतः मभित्र पस्दछन् र दुई चक्काको वीचमा पिँधि काम हुन्छ । पिँधिएको वस्तु मेरो तल्लो चक्कावाहिर चारैतिर निस्कन्छ ।

वहिनी : जाँतो दाइले कसरी काम गर्नुहुन्छ त्यो त थाहा भयो । अव वताउनुहोस्, तपाईंले खस्रो वा मसिनो कसो गरी पिँध्नुहुन्छ ?

जाँतोदाइ : सुन, थोरै अन्न माथिल्लो प्वालवाट हालेर माथिको चक्कालाई दापेर विस्तारै-विस्तारै चलाउँदा मैले अन्नको धुलो मसिलो पार्छु । माथिको प्वालवाट ठूलो घान हालेर मेरो माथिल्लो चक्का नदापीकन छिटो-छिटो चलाउँदा अन्नको धुलो खस्रो हुन्छ ।

वहिनी : पानीघट्ट नभएको ठाउँमा दाइको महत्त्व धेरै ठूलो छ, होइन त ।

जाँतोदाइ : वहिनीले साँचो भन्यौ । पानीघट्ट नभएको ठाउँमा मैले परिवारको जीविकाका लागि मैले काँचो मकै वा गहुँ वा कोदो पिँध्नुपर्छ । त्यस्तो अवस्थामा घरमा आइमाईले मलाई विहान सवेरैदेखि चलाउँछन् । मलाई पनि विहानभर फुर्सद हुँदैन । विहानभर मलाई चलाउँदा मैले ५,६ परिवारलाई दुई छाक पुग्ने पीठो तयार पारिदिन्छु ।

वहिनी : दाइलाई एकपल्ट घरमा राखेपछि कस्तो राम्ररी काम गरिदिनुहुन्छ । दाइलाई चल्न पानी, विजुली, केही चाहिँदैन ।

जाँतोदाइ : यो सत्य हो वहिनी । मलाई चलाउन केही शारीरिक शक्ति र जाँगर भए पुग्छ । मलाई कसैले सुधार गरेनन् । सुधार गरेका भए थोरै शक्ति भएपनि म चल्थेँ धेरै काम पनि गर्थें । तर धेरै शताव्दी विते कसैले मलाई वास्ता गरेन ।


वहिनी : दाइको महत्त्व त घर घरमा छ । विशेष गरेर धान धेरै नफल्ने पहाडी प्रदेशमा जाँतो दाइ नहुने हो भने मान्छेले ढिँडो र रोटी पकाएर खान पनि पाउने थिएनन् ।

जाँतोदाइ : यो कटु सत्य हो वहिनी,तर केगर्नु मलाई सिमेन्टका घर वनाउने आधुनिक हौं भन्ने मानिस र विजुली आएको ठाउँवाट त हटाइसके ।

वहिनी : केही सहरी क्षेत्रबाट दाइलाई हटाए पनि तपाईंको महत्त्व आफ्नै ठाउँमा छँदै छ । मेरो विचारमा भविष्यमा दाइलाई नेपाली वैज्ञानिकले सुधार गरेर देश, काल, परिस्थितिअनुसारको वनाउनेछन् ।

जाँतोदाइ : वहिनीबाट यस्तो आश्वासन पाउँदा मलाई सन्तोष लागेको छ । म पनि कुनै दिन मेरो मूलभूत स्वरूप नभत्काई मलाई नेपाली युवायुवतीले सुधार गर्नेछन् भन्ने आशामा वाँचेको छु । लौ त वहिनी, घरका अरू मान्छे पनि आए । तपाईंसँग म एकान्तमा पछि फेरि गन्थन गरुँला । आजलाई म यत्ति भनेर चुप लाग्छु । जाँतोले आज यसरी आफ्नो कथा र व्यथा पोखेको देखेर घरकी वृढीआमै पर्नसम्म जिल्ल परिन् ।

# हलो



असारको महिना छ । आज रोपाई गर्ने दिन हो । खेतमा गोरु नार्नु छ । काँधमा हलो र जुवा बोकेर रामनारायण खेततिर लाग्दछन् । अघिअघि दुईओटा गोरु लागेका छन् । गोरु धपाउँदै, हलो जुवा बोकेर रामनारायण हिलो खेतमा पुग्दछन् र गोरु नार्दछन् ।

गोरुको काँधमा जुवा नारेर उनी खेत जोत्न तयार हुन्छन् । रामनारायणको हातमा एउटा लट्ठी र कम्मरमा बसिला छ । हलो जोत्दा गोरुलाई ठीक बाटोमा ल्याउन कराइरहनुपर्दछ, लट्ठीले हल्कासँग गोरुलाई पिटी रहनुपर्छ र हलो बिग्रियो भने बसिलाले ठोकठाक, काटकुट गरेर मिलाउनुपर्दछ । रामनारायण हलो जोत्न लागेको करिब २४ वर्ष भयो । उनले गोरुमात्र १० जोर जति फेरि सके । उनलाई गोरुको बारेमा र हलो जुवाको बारेमा राम्रो अनुभव छ । उनी एकप्रकारले सिकर्मी पनि हुन् । काठ ल्याएर उनी आफैं हलो, जुवा तयार गर्न सक्छन् । एउटा सानो कामका लागि कसलाई गुहार्नजानु । उनी आफैं सक्षम भइसकेका छन् । खेतमा रोपार आइपुग्ने वेला भयो । खेत छिटो-छिटो जोत्नु छ । रामनारायण त्यसैले भोटो र कछाड लगाएर खेतमा पस्छन् । जोत्न सुरु गर्छन् ।

रामनारायण 'असारे' भन्दै गोरुलाई हल्का रूपले पिट्दै हिलो खेत जोतेर दबदबे बनाउँछन् । खेत जोत्दै गएका ठाउँका डल्ला पनि हराए, घाँस पनि हराए, खेत अलिअलि सम्म पारेर रोप्न हुने भयो । एवम् प्रकारले खेत जोत्दा रामनारायणले करिब २ घण्टामा त्यस खेतको गऱ्हो जोतिसके । यसै बीचमा रोपार र लाठेहरू आएर खेत रोप्न थाले । लाठेहरूले कोदालीले खेत सम्म पार्दै गए । आइमाई रोपारहरूले लाइन लागेर धानको विउ खेतमा घुसार्दै गए । रोपेको जति खेत अति राम्रो देखियो । धान रोप्दै जाँदा आइमाईहरूले असारे गीत गाउन थाले -

असारे मासको दवदवे हिलो छि: मलाई घिन लाग्यो ।

पातली नानीलाई फरिया किन्दा छवीस ऋण लाग्यो । आदि

धान रोपेको र गीत गाएको त्यो दृश्य वहुतै सुन्दर थियो । हिड्ने बटुवा पनि टक्क अडिएर त्यो दृश्य हेरिरहन्थे ।

यता रामनारायण नजिकैको चउरमा गोरु फुकाएर आफू आराम गर्दै थिए । यत्तिकैमा विद्यालय छुटेर एक हुल छात्रा त्यहाँ आइपुग्छन् । केही चुलवुले छात्रले हलो समातेर यताउता गर्छन् र प्रश्न सोध्न थाल्दछन् -

विद्यार्थी : दाइ, यो यन्त्रको नाम के हो ? हामीलाई राम्ररी बुझाइदिनुहोस् न ।

रामनारायण : बावुहरूले विद्यालयमा पढ्नुभएकै होला नि । मैले वताउनुपर्छ र ?

विद्यार्थी : हामीले यस्तो कुरा पढ्नुपर्दैन । कृपया यो यन्त्र के हो, यसले कसरी काम गर्छ, हामीलाई वताइदिनुहोस् न ।

रामनारायण : भाइ वहिनीलाई यस यन्त्रवारे जान्ने इच्छा भएछ, ल सुन, यो यन्त्रको नाम हलो हो ।

यसका मुख्यमुख्य भाग यसप्रकारका छन् -

१. हतासो - हातले समाउने ठाउँ

अनौ - हतासोलाई अड्याउने काठ

३. हलो - माटोमा गाडिने मुख्य भाग

४. पाटी - काठको टुक्रा

५. हरिस - हलोको मुख्य लामो काठ

६. बर्दी (ठडी) - नारालाई अड्याउन हरिसमा खोपी ठाकिएका काठको टुक्रा

७. जुवा - गोरुको गर्दनमाथि राखिने काठ


८. सोइला - काठका किला

९. फाली - फलामको धारिलो पाता

१०. नारा (हल्लुँडो) - हरिसलाई जुवामा झुन्ड्याउन प्रयोग हुने छालाको डोरी ।

११. आडो - हलोको पछाडिको भाग

१२. करुवा - फाली अड्याउन ठोम्ने फलामको टुक्रा



१३. जोतारो - दुई सोइलाको बीचमा गोरुको काँध बाँध्न प्रयोग हुने डोरी

बाबु हो, हलो बनाउनलाई बाँझ, फलाँट, कटहर वा चिलाउनेको काठ चाहिन्छ ।

हलो तीन प्रकारका हुन्छन् -

१. धुले हलो

२. हिले हलो

३. साधारण हलो

धुले हलो प्रायश: ठूलो हुन्छ र यो सुख्खा जमिन जोत्न प्रयोग गरिन्छ । हिले हलो धापिलो जमिनमा जोत्नुपर्ने हुनाले सानो हुन्छ । साधारण हलो यो दुई ओटाको बीचको हुन्छ ।

हलो बनाउँदा झन्डै-झन्डै एल आकारको मोटो काठको माटोमा गाडिने चुच्चो परेको टुप्पोपट्टि कपेको भागमा फाली ठोकिन्छ र यू आकारको फलामको करुवा ठोकेर अड्याइन्छ । यही मोटो काठको माथिल्लो भागमा अनौ जोडिन्छ । अनौको टुप्पामा हतासो जडान गरिन्छ । हलोको झन्डै-झन्डै बीच भागबाट लामो हरिस जुवापट्टि छड्के पारेर जोडिएको हुन्छ । हरिसलाई हलोको पछाडिपट्टि चुकुल ठोकेर कसिन्छ । मुख्य हलोको पछाडिपट्टिको भागलाई आडो भनिन्छ । हलो र हलोको अन्य भागलाई पाटी भनिने अर्को चौकुने काठको चुकुलले कसेको हुन्छ । लामो हरिसको अर्को छेउमा जुवा नामको लामो काठ जोडिन्छ । जुवामा चारओटा धार मारेका सोइला भनी काठका किला छेडेर जडान गरिएका हुन्छन् । यी सोइला गोरुको गर्दनको मोटाइअनुसारको दूरीमा जडेका हुन्छन् । सोइलाको तल्लो भागमा जोतारो नामका बलिया डोरी हुन्छन् र गोरु नार्दा यिनै डोरीले गोरुलाई बाँधिन्छ । ठेडी नामको नियन्त्रण गर्ने चारओटा बर्दी (ठेडी) हरिसको जुवा तर्फको भागमा तीनतीन इन्चको फरकमा जडान गरेका हुन्छन् । नाग (हल्लुँडो) नामको छालाको डोरी यिनै ठेडी र जुवामा जोडिएको हुन्छ । यो हल्लुँडोको स्थितिले हलोको जोत्ने क्षमतानिर्धारण गर्दछ ।

विद्यार्थी : दाइले हलो कसरी वनाइन्छ भनेर गर्नुभएको वयान हामीले थोर वहुत वुझ्यौं ।
नारा (हल्लुँडो) को काम भने बुझ्न सकिएन ।

रामनारायण : वावु हो, हलो जोत्दा वर्दी र नारा (हल्लुँडो) को काम नै प्रमुख हुन्छ । जुवामा एक जोडी गोरु वाँधेर हलो चलाउँदा नारा (हल्लुँडो) कुन वर्दी (ठेडी) मा जोडिएको छ त्यो महत्त्वपूर्ण हुन्छ । यदि हल्लुँडो पहिलो वर्दी (ठेडी) र जुवाको मध्ये भागमा जोडिएको छ भने हलोले जमिन दुई इन्च गहिरो जोत्दछ ॥ नारा दोस्रो, तेस्रो र चौथो ठेडीमा जोड्दा हलोले जमिन क्रमैले तीन इन्च, चार इन्च र ७ इन्च गहिरो जोत्दछ । चौथो ठेडीमा हल्लुँडो जोड्दा धेरै गहिरो जमिन जोत्नु पर्ने हुँदा गोरुलाई साह्रै गाह्रो हुन्छ । जोताइ पनि ढिलो हुन्छ । खेत जोत्दा जोत्ने मानिस (हली) ले हलोको पछाडिको भाग खुट्टाले थिच्दछ र फालीलाई जमिनमा गाडिन मद्दत पुऱ्याउँछ । कहींकहीं त हली हलोको पछाडिको भागमा टेकेर उभिइदिन्छ । त्यस वेला गोरुलाई हलीको वोझसमेत तान्नुपर्ने हुँदा झन् गाह्रो हुन्छ । कहिलेकहिले हलीले हलो उचालेर गोरुलाई छिटोछिटो दौडाएर जोती दिन्छ । यसरी जोत्दा केवल माथिको सतह मात्र खोस्रिन्छ ।

विद्यार्थी : दाइलाई हली दाइ भन्यौं भने रिसाउनु हुन्छ ?

रामनारायण : रिसाउन्न किन रिसाउने । हलो जोत्नेलाई हली भन्नु, विद्या पढ्नेलाई विद्यार्थी भन्नु, गीत गाउनेलाई गायक भन्नु वास्तवमा सही नाम दिनु हो ।


विद्यार्थी : के ब्राह्मण र नारी जातिले हलो जोत्न हुँदैन त ?

रामनारायण : अवश्य हुन्छ । सवै प्रकारका मानिसले हलो जोत्नुहुन्छ । कोही पनि मानिसले जातको घमण्ड गर्नुहुँदैन । जात त कर्मअनुसार भएको हो ।

विद्यार्थी : धन्यवाद छ दाइ, आज हामीलाई तपाईंले हलो वनाउनेदेखि लिएर हलो कसरी चलाउने भन्ने तथ्य स्पष्ट हुने गरेर वताइ दिनुभयो ।

रामनारायण : भाइ वहिनीलाई पनि धन्यवाद छ । नानीहरूले आफ्नै देशमा भएका यन्त्र र तिनको उपयोगितावारे जान्न खोज्नुभयो । भविष्यमा तपाईंहरूले धेरै पढेर हलोको सुधार गर्नुहोला भन्ने मैले आशा राखेको छ । सवै विद्यार्थी रामनारायणसँग विदा भएर जान्छन् ।

# बयलगाडा



गरिबनाथले दिनभरि बयलगाडामा माल सामान ढुवानी गरी गोधुली हुँदा घर आइपुगेर आँगनमा गोरु बाँधेर आराम गर्दै छन् । यत्तिकैमा उनको सानो छोरो स्कुलको पाठ पढी सकेर गरिबनाथको नजिकै आएर बस्छ । ऊ आफ्नो बाबुको पिठिउँ सुम्सुमाउँदै सोध्दछ -

बाबा, हामीले पनि पल्लो घरमा जस्तै एउटा ट्याक्टर किनौन ।

गरिबनाथ : बाबु, हामीसँग ट्याक्टर किन्ने पैसा छैन । पछि कुनै दिन पैसा भएमा किनौला ।

दीनानाथ : बाबा, हामीसँग पैसा कहिले हुन्छ ?

गरिबनाथ : तिमीले धेरै पढेर गएपछि , तिमी ठूलो भएपछि हामीसँग पनि धेरै पैसा हुन्छ, त्यत्तिखेर हामी ट्याक्टर किनौला ।

दिनानाथ : बाबा, ट्याक्टर राम्रो कि हाम्रो बयल गाडा राम्रो ।

गरिबनाथ : बाबु, मेरो विचारमा त बयल गाडा नै राम्रो । ट्याक्टर चलाउन मोबिल, डिजेल चाहिन्छ, तर हाम्रो बयलगाडा चलाउन केही चाहिँदैन ।

दिनानाथ : बाबा, यो मोबिल, डिजेल कहाँबाट आउँछ ?

गरिवनाथ : यो खाडीका मुलुकबाट आउँछ । हामीले विदेशी मुद्रा तिरेर किन्नुपर्छ ।

दीनानाथ : त्यसो भए, हाम्रो बयलगाडामा नै चलाउनु राम्रो हो त । यसलाई डिजेल, मोविल, केही नचाहिने रहेछ । लौ भन्नुहोस् त बाबा, यो बयलगाडा कहिलेदेखि चलन चल्तीमा आएको हो ।

गरिबनाथ : त्यो त म भन्न सक्दिन । यत्ति जान्दछु कि बयलगाडा धेरै पुरानो चिज हो । हाम्रा पुराणअनुसार बयलगाडा कृष्णजीको पालामा पानि थियो रे ।

कृष्णजीले लात हानेर गाडा पल्टाएका थिए रे । हाम्रा धेरै पुस्ताले बयल गाडा चलाइआएको छन् ।

दीनानाथ : तराइमा बयलगाडा धेरै काम लाग्छ, होइन त ?

गरिबनाथ : वास्तवमा बयलगाडा तराईको ट्रक नै हो । तराईको प्राण हो । यो नभए हाम्रो गुजारा चल्न सक्दैन ।

दीनानाथ : के नेपालको अरू भागमा बयलगाडा हुँदैन ?

गरिबनाथ : बयलगाडा चल्नलाई सम्म परेको जमिन चाहिन्छ । अग्लो, होचो ठाउँमा यो चल्न सक्दैन । सुन्दछु, काठमाडौँको सहरी क्षेत्रमा पनि आजभन्दा करिब ५०, ६० वर्षअगाडि बयलगाडा थियो र । आजकल बयलगाडा त्यहाँबाट हटिसकेको छ । पहाडमा बयलगाडा चलाउन सकिँदैन । त्यहाँ त खच्चर र भेडाले मालसामान ओसार्छन् । तराईमा भने बयलगाडा नै यातायातको मुख्या साधन हो ।

दीनानाथ : अब भन्नुहोस् त, ट्रयाक्टरभन्दा बयलगाडा किन बढी काम लाग्छ ?

गरिबनाथ : कुन चिज कहाँ बढी काम लाग्छ त्यो त ठाउँ हेरेर हुन्छ । ट्रयाक्टरले सान्हो जमिनमा र पिच गरेको सडकमा राम्रो काम दिन्छ । तराईको हिलोमा ट्रयाक्टर गाडियो भने निकाल्न गान्हो पर्छ । हिउँदमा ट्रयाक्टर तराईमा काम लागेपनि बर्षामा काम लाग्दैन ।

दीनानाथ : त्यसो त हाम्रो गाडा पनि त तराईको हिलोमा कैयौँ पटक गाडिएको छ ।

गरिबनाथ : बाबु, गाडा भासिए पनि पाङ्ग्रा ठूलो हुनाले यसलाई सजिलैसँग उठाएर चल्न सक्ने पारिन्छ । तर ट्रयाक्टरमा यस्तो हुँदैन । अलिकति हिलो हुँनासाथ ट्रयाक्टर चल्न सक्दैन ।

दीनानाथ : त्यसो भए, हाम्रो लागि बयलगाडा नै सर्वोत्तम ठहरियो । तर यत्ति धेरै उपयोगी चिजको बारेमा हामीलाई विद्यालयमा केही पढाइँदैन ।

गरिबनाथ : नेपालीका आँखाले पश्चिमी देशका आविष्कारलाई मात्र देखेको छ । हाम्रा पितापुर्खाले मगज लगाएर बनाएका सामग्रीतर्फ नेपालीले ध्यान दिएकै छैनन् । अब बिस्तारैबिस्तारै यतातिर पनि नेपालीले ध्यान दिनेछन् भन्ने मलाई लाग्दछ ।

दीनानाथ : बाबा, तपाईं गाडा आफैँ बनाउन सक्नुहुन्छ ?

गरिवनाथ : किन नसक्नु । मैले अहिले सम्ममा करिव ५, ६ ओटा गाडा वनाइसकेँ । कति हल गोरु फेरिसकेँ ।

दीनानाथ : त्यसो भए मलाई पनि गाडा वनाउन नसिकाए पनि गाडा कसरी बन्दछ त्यसको परिचय गराइदिनुहोस् न ।

गरिवनाथ : बाबुले सार्है राम्रो प्रश्न गर्‍यौ । यत्ति सानो उमेरमा बावुले बयलगाडाको वारेमा जान्न खोज्नु सार्है राम्रो कुरो हो । लौ ध्यान दिएर सुन । बयलगाडामा निम्न कुराहरू हुन्छन् -

१. एक जोडी बलिया र ठूला खालका गोरु । गोरुको सट्टामा राँगा भएपनि हुन्छ । अग्लो जुरो भएको बलिया गोरु भए राम्रो हुन्छ ।

२. गोरुको काँधमा राखिने जुवा भनिने काठको लामो टुक्रा ।

३. 'कनेल' भनिने जुवामा प्वाल छेडेर जडान गरिएका काठका किला । यी किला चार ओटा हुन्छन् । यिनै किलाको वीचमा गोरुको गर्धन पर्न आउँछ ।

४. 'फेयर' भनिने लामो काठ पाङ्ग्रासँग जोडिएको मुख्य एक्सेल (Axle) सँग जोडिएको हुन्छ । जुवा र एक्सेल (Axle) लाई जोडने यी फेयर त्रिकोणात्मक किसिमले जोडिएका हुन्छन् ।

५. दुईओटा काठका पाङ्ग्रा सार्हो काठवाट वनाइन्छन् । यी पाङ्ग्रा ठूलाठूला र भद्दा हुन्छन् । पाङ्ग्राको परिधिमा फलामको चक्का जडान गरिएको हुन्छ ।

६. वल्लाले पाङ्ग्राभित्र बनाइने काठको फलैयाको अगल वगललाई जनाउँछ ।

७. पिर्काले फलैयामा विछयाइने काठ वा बाँसका चिफ्ला दृपारेका कप्टेरालाई वुझाउँछ ।

८. धुरीले दुइ ओटा पाङ्ग्राको वीचमा जोडिने काठ (Axle) लाई जनाउँछ । यो (Axle) पाङ्ग्रा घुम्दा चल्दैन । आजकल यसलाई फलामको डन्डीवाट पनि वनाउन थालिएको छ ।

९. चौक एक यस्तो संयन्त्र हो जुन (Axle) को छेउछेउमा जडान गरिन्छ । पाङ्ग्राको वीचभाग केही वाहिर निर निस्केको हुन्छ । यही वाहिर निस्केको केन्द्रमा यो चौक जडान गरिन्छ ।

१०. पाङ्ग्राले वाहिरनिर निस्केको वीच भागलाई घुरेको किला भनिन्छ यसैमा फलामको चक्का जोडिन्छ ।

११. शिर पैयाँ नामक एक अर्को संयन्त्र गाडामा हुन्छ । यो काठले बनेको त्रिकोणात्मक

संयन्त्र हो । गाडाको अगिललो भाग यही शिर पैयाँमा अडेको हुन्छ । गाडा नचलाएको बेलामा शिर पैयाँलाई जुवा र फेयर जोड्ने काठमा लगेर बाँधिन्छ ।

१२. प्रायश: सनपाटका डोरी वयल गाडामा प्रयोग गरिन्छ ।

गाडा बनाउँदा बेयर, जिम्हाद, आरिया, सिसौ जस्ताको छनौट गरिनछ । यदि सिसौ र पञ्जान जस्ता काठवाट पाङ्ग्रा बनाइन्छ भने, बेयर र जिम्हाद जस्ता काठवाट जुवा बनाइन्छ । गाडाको अन्यभाग वनाउन सान्हो काठ छानिन्छ । कही कही बाँसको पनि प्रयोग गरिन्छ ।

दीनानाथ : बावा, गाडाको मुख्य भाग नै पाङ्ग्रा हो जस्तो लाग्दछ । भन्नुहोस् त पाङ्ग्रा कसरी बनाइन्छ ।

गरिवनाथ : माथि नै वताइयो कि पाङ्ग्राको वीच भाग केही वाहिर उठेको हुन्छ । यसलाई धुरको किला भनिन्छ । दुईओटा पाङ्ग्राको वीच भागमा प्वाल पारेर धुरीको डन्डीलाई छिराइन्छ र वाहिरपट्टिवाट चुकुलले कसिन्छ । पाङ्ग्राको भित्रपट्टि धुरलाई पाङ्ग्रामा वाटुलो फलामको पाताले कसिन्छ । यो पातालाई चौक भनिन्छ । पाङ्ग्रा घुम्दा पाङ्ग्रालाई भित्रपट्टि चौक र वाहिरपट्टि चुकुलले ठीक ठाउँमा अठ्याउँछन् र पाङ्ग्रा यताउता डगमगाउन पाउँदैन । पाङ्ग्रा घुम्दा धुरीको काठ वा डन्डी भने हल्लिँदैन । काठको पाङ्ग्राको परिधिमा फलामको चक्का तताएर जडान गरिन्छ । यस्तो चक्का भद्दा भए पनि गाडाको लागि उपयुक्त हुन्छ । पाङ्ग्राको वीच भागवाट पाङ्ग्राको परिधिसम्म मोटा काठका टुक्रा वरिपरि गएका हुन्छन् । कहीँकहीँ यी काठका टुक्रा नदेखिने गरी काठका फल्याकले छोपिएको हुन्छ ।

मुख्य धुरीबाट जुवासम्म दुईओटा लामालामा काठका टुक्रा त्रिकोणात्मक रूपमा जोडिएका हुन्छन् । यी काठलाई फेयर भनिन्छ । यी दुईओटा फेयर जोडिने ठाउँलाई मोहडा भनिन्छ । यो मोहडालाई जुवामा अर्को वलियो काठको टुक्रा द्वारा जोडिन्छ । गाडाको लम्वाइ गोरुको साइजमा भर पर्दछ ।

दुईओटा पाङ्ग्राको वीच भागमा एक प्रकारको फलैंचा वनाइन्छ । यो फलैंचामा मानिस वा मालताल ओसार्ने गरिन्छ । यो फलैंचा चौकुने हुन्छ र पाङ्ग्रातिरको भागमा वार लगइएको हुन्छ । यो वारलाई वल्ला भनिन्छ । फलैंचाको अगाडि र पछाडिको भाग खुला रहन्छ । यस्तो फलैंचाको लम्वाइ

करिब सात फिटको हुन्छ । गाडाहाक्ने मानिसलाई गाडावान् भनिन्छ । यस्तो गाडावान फलैंचाको अगाडिको भागमा वस्दछ र गोरुलाई हल्का प्रकारले पिट्दै गाडा हाक्दछ ।

दीनानाथ : बावा, गाडाले कति गऱ्हौं भारी तान्न सक्दछ ?

गरिवनाथ : गाडाले साधारणतया गाँउको कच्ची वाटोमा १४ मनसम्मको भारी तान्न सक्दछ ।

दीनानाथ : बावा, गाडाको अहिलेको अवस्था कस्तो छ ?

गरिबनाथ : बयलगाडाको अवस्था प्रतिदिन नाजुक हुँदै छ नयाँनयाँ सडक बन्नु, ट्रयाक्टर को आयत हुनु सुख्खा मौसममा ट्रक नै खेतखेतसम्म पुग्न सक्नु, काठ र गोरु दुवै महङ्गो हुनु आदि कारणले गर्दा बयलगाडाको अवस्था प्रतिदिन कमजोर हुँदै गएको छ । अब त बयल गाडा बनाउन जान्ने मानिस पाउन पनि मुस्किल हुन थालेको छ ।


दीनानाथ : बावा, बयलगाडा नै आधुनिक चारपाङ्ग्रे गाडीको जननी हो भन्छन् नि ।

गरिबनाथ : यो सत्य हो, आधुनिक गाडी र बयलगाडा चल्ने आधारभूत सिद्धान्त एउटै हो । यस हिसावले आधुनिक गाडीको जननीको रूपमा बयल गाडालाई लिन सकिन्छ ।

दीनानाथ : वावा, तपाईलाई बयलगाडा सम्वन्धमा धेरै कुरा थाहा रहेछ । मलाई आज यत्तिका कुरा वुझाइदिनुभयो । आज वुबावाट मैले विद्यालयमा सिक्न नपाइने महत्त्वपूर्ण पाठ पढ्न पाएँ ।



# तान र चर्खा



एउटा ठूलो कोठामा तान र चर्खा नजिकनजिक बसेका छन् । आज उनीहरूले काम पााएका छैनन् । त्यसैले आपसमा आफ्ना कथा र व्यथा पोखी रहेछन् । काम नपाएपछि कुरा हुने गर्दछ । आज तान र चर्खा पनि कुरा गर्नमै जुटेका छन् ।

तान : चर्खा भाइ, आज काम गर्न नपरेकाले मलाई दिन काट्न साह्रै गाह्रो भएको छ ।

चर्खा : दाइ तानले भनेको कुरा सत्य हो । मलाई पनि त्यस्तै अनुभव भएको छ ।

तान : भाइ ! आज काम किन रोकियो ? हाम्री घरकी मालिक्नी सुकुमाया आज कता गइछन् ?

चर्खा : मैले बुझेअनुसार आज उनी कपडा बेच्न बजार गएकी छिन् ।

तान : हामीले बुनी दिएको लुगा बेचेर उनी त धनी भइसकिन् ।

चर्खा : के धनी हुनु दाइ ! यिनले हाम्रो मद्दतले दुई छाक राम्ररी खान पाएकी छिन् । राम्रो लुगा लाउन पाएकी छिन् । यत्ति न हो ।

तान : सुन्दछु, यिनले हामीलाई हटाएर स्वचालित लुगा बुन्ने मेसिन ल्याउँदै छिन् रे ।

चर्खा : मलाई त यो कुरामा पत्यार लाग्दैन । स्वचालित मेसिनले हामीले जस्तै राम्रो र बलियो लुगा बुन्न सक्ला र दाइ ?

तान : सक्न त सक्छ बाबु, हामीले भन्दा पनि मसिनो लुगा बुन्छ । तर हाम्रो स्थान समाजमा बेग्लै छ । कैयौं नेपालीले हामीलाई नै मन पराउँछन् । हातले बुनेको कपडा भनेपछि मरी हाल्ने मान्छे छन् । कैयौं विदेशीले समेत हामीलाई मन पराउँछन् ।

चर्खा : त्यसो भए हाम्रो भविष्य अन्धकार छैन त दाइ ?

तान : मेरो विचारमा हामी मर्दैनौं । हामीलाई जीवित राख्नुपर्छ भन्ने मानिस थुप्रै छन् । त्यसैले धन्दा नमान भाइ, हामी युगयुगसम्म बाँची रहनेछौं ।

चर्खा : दाइ, तपाईं र म यस कोठामा वर्षौंदेखि बसेर काम गर्दै आए पनि वास्तवमा एकले अर्कोलाई राम्ररी चिनेका छैनौं । यो परिचय हुनु राम्रो हो । तिमी भाइ छौ, लौ तिमीबाट नै यो परिचयको काम सुरु गरौं न त ।

चर्खा : हुन्छ, दाइले आज्ञा भएअनुसार म आफ्नो परिचय दिने काम सुरु गर्छु ।

दाइ, मेरो काम त कपासको धागो कात्नु हो । म आकारमा सानो भए पनि धागो काट्ने काम छिटोछिटो गर्न सक्छु । मैले धागो कात्नु भन्दा पहिले कपासलाई सफा गर्नुपर्छ । टिपेर ल्याएको कपासमा प्रशस्त कपासका बिउका दाना र अरू फोहोर चिज हुन्छन् । सबै भन्दा पहिले केकु नाम गरेको काठको यन्त्रमा राखेर यी दाना र अरू फोहोर चिज हटाइन्छ । आजकल यो फेलु यन्त्र एक प्रकारले लोप नै भइसकेको छ । त्यसपछि कपासलाई धुनुले फटकेड डल्लाहरू फुटाइन्छ । कपासलाई फररर फुक्ने बनाएपछि त्यसबाट पिउरी बनाइन्छ । यसरी पिउरी बनाइसकेपछि मात्र मेरो काम आउँछ ।

तान : तिमीले काम गर्नुभन्दा पहिले कपासको राम्रो प्रशोधन गर्नुपर्ने रहेछ ।

चर्खा : हो दाइ, फरर फुक्ने पिउरीको कपासबाट म छिटो छिटो धागो काट्न सक्छु । मेरो अङ्गमा एउटा काठको पाङ्ग्रा हुन्छ । त्यो काठको पाङ्ग्राको बीचमा मोटो धागो बेहरिएको हुन्छ र यो धागो फलामको डन्डीको बीच भागमा जोडिएको हुन्छ । यो फलामको डन्डीलाई कातु भनिन्छ । पिउरीबाट निस्केको धागो यही घुमी रहेको कातुको सहाराले तयार हुन्छ । कातुलाई घुमाउन काठको पाङ्ग्रा नजिक भएको हानो घुमाइरहनुपर्दछ । धागो लामो पारेर निकालेपछि एउटा सिन्कोमा त्यसलाई बेरिन्छ ।

धागो कात्ने मानिसले दाहिने हातले मेरो केकु अर्थात् ह्यान्डल घुमाउँछ र बायाँ हातले कपासको पिउरी समाउँछ । पिउरीको कपासको टुप्पोलाई घुमी रहने फलामको डन्डीमा जोड्दछ र मलाई घुमाउँदै बायाँ हात परपर लगेर लामो तान्दछ । धागो काटेपछि त्यसलाई फलामको डन्डीमा नै बेरिन्छ । प्रायशः

कातेको धागो फलाममा जोडिएको बाँसको टुकीमा वेरिन्छ । यसरी टुकीमा वेर्दा इन्डीबाट धागो झिक्न सजिलो हुन्छ ।

टुकीमा वेरेको धागोहरू मिसाएर मोटो धागो पार्ने काम पनि मेरै अर्थात् चर्खाकै मद्दतबाट गरिन्छ ।-दुई वा तीनथरी धागो मिसाएर आवश्यकतानुसारको मोटाइ भएको धागो वनाएपछि धागोका लटीहरू तयार हुन्छन् । यस्ता लटीलाई पकाएको कनिका र तेलसँग मोलिन्छ । यसरी तेल र पाकेको कनिकाको माडले धागोलाई एक अर्कासँग टाँसिन दिँदैन र धागोलाई तन्काउन पनि सजिलो पर्दछ । माड लगाएर तयार पारिएको धागोलाई दाइको तानमा राख्ने काम गरिन्छ । यसलाई फेलुमा वेरिन्छ । यसपछि मेरो काम सकिन्छ । यत्ति भनेर चर्खा चुप लाग्यो ।

तान : अव म पनि तिमीलाई म कसरी काम गर्दछु सो सुनाउँछु । हुन त मेरो काम लुगा वुन्नु मात्र हो, तर पनि तिमीले भाग लगाएअनुसार म मेरो अङ्गमा राख्ने धागो कसरी तयार गरिनछ त्यो पनि तिमीलाई वताउँछु । कति लामो कपडा वुन्नुपर्ने हो त्यसको अन्दाज गरेर धागो तन्काउने काम गरिन्छ । मानौं कि १२ फिट लामो कपडा वुन्नु छ । १२ फिट लामो कपडा वुन्न प्रत्येक ३ फिटको अन्तरमा बाँसको जो लटी गाडिन्छन् । प्रायश: दुईजना आइमाईले यो बाँसको यो बाँसका लटीमा धागो तन्काउने काम गर्छन् । यिनले देब्रे हातमा धागो बेरिएको फेलु समात्दछन् र दाहिने हातले लटीको सहाराले बाँसको लटीमा धागो हालेर तन्काउदै हिँड्छन् । कति चौडाइको कपडा वनाउने र त्यसका लागि कति धागो चाहिन्छ त्यसको राम्रो ज्ञान भएका ती आइमाईले धागो तन्काइ सकेपछि धागोलाई नगुजल्टिने गरेर वेर्दछन् । यसरी वेरेको धागोलाई मेरो तानमा राख्दछन् ।

चर्खा: दाइ, तन्काएको धागो गन्नुपर्छ कि पर्दैन ?

तान : अवश्य पर्छ । मेरो तानमा वस्ने धागोको सङ्ख्या बाँसले बनेको काँगियोजस्तो लायपुले निश्चित गरिदिन्छ ।

चर्खा : दाइ, कपडा वुन्दा ताना र वाना भन्ने शव्द प्रायश: सुनिन्छ, यसको अर्थ के हो ?

तान : ताना भन्नाले मेरो तानमा तन्काएर राखेको धागो भन्ने वुझिन्छ । वानाले चाहिँ कपडा वुन्दा थुरीद्वारा ९० डिग्री को कोणमा थपिने धागो भन्ने वुझाउँछ ।

चर्खा : दाइ, अब बताउनुहोस्, त कपडा कसरी बुनिन्छ ?

तान : पहिले धागोलाई मेरो तानमा तनक्क तन्काउनुपर्दछ । यसरी तन्काउँदा काँगियो जस्तो लायपुबाट धागो छिराउनुपर्दछ । कपडा बुन्दा धुरीमा बेरिएको धागो दायाँबायाँबाट पालैपालो तन्काएको धागोभित्र छिराउनुपर्दछ । एकपल्ट थुरीको धागो बानाको आधा भागको माथि बस्दछ त अर्कोपट्ट तल बस्दछ । अनि प्रत्येकपल्ट धुरी वारपार गरेपछि हाता नामको बार आफूतिर तान्नुपर्दछ । यसो गर्दा धुरीको धागो कसिएर कपडा बुनिन्छ । तानाको आधा धागोलाई तल र आधालाई माथि पार्न मयेका नामका मोटा डोरी तानाको फ्रेममा जोडेर तल पाउदानीसम्म लगिएको हुन्छ । कपडा बुन्दा पाउले पाउदानीमा थिच्दा तानको धागो तलमाथि हुन्छन् र थुरी छिर्ने बाटो बन्दछ । त्यसैले जुलाहा अर्थात् कपडा बुन्ने मानिसले पाउदानी थिच्दै, थुरी फ्याक्दै हातालाई तान्दै कपडा बुन्दछ । कपडा बुन्ने मानिस एकदम व्यस्त हुन्छ । धेरै अभ्यास भएपछि मानिसले छिटोछिटो कपडा बुन्न सक्छ ।

चर्खा : दाइ, तपाईंले साधारण कपडा बुन्ने कुरा त बताउनुभयो अब रङ्गिन र बुट्टे कपडा बनाउनु परे के गर्ने गरिन्छ ?

तान : रङ्गिन र बुट्टे कपडा बुन्नुपर्दा रङ्गिन धागोको प्रयोग गर्नुपर्छ । यस्तो धागो ताना र बाना दुवैमा प्रयोग गर्न सकिन्छ । बुट्टाअनुसारको धागोको सङ्ख्या प्रयोग गर्ने गरिन्छ ।


चर्खा : दाइले कपडा बुन्ने कुरा त बुझाइदिनुभयो, अब बताउनुहोस्, हाम्रो भविष्य कस्तो होला ?

तान : भाइ, भविष्यको चिन्ता नगर । भविष्य उज्यालो छ भन्ने सम्झ । स्वचालित र अर्धस्वचालित तान आए पनि र तिनले जतिसुकै मसिनो कपडा बुने पनि हाम्रो स्थान समाजमा बेग्लै छ । हामी हस्तकलाका जल्दाबल्दा उदाहरण हौँ । प्रत्येकपल्टको हातको प्रयोगमा केही नकेही नौलोपना हामी दिन्छौँ । यही नै ह ाम्रो विशेषता हो । यही विशेषतालाई समाजले रुचाउँछ ।

चर्खा : दाइ, नेपालमा कपास धेरै उम्रिँदैन । आजकल विदेशबाट नै धागो ल्याउन थालेका छन् । मेरो भविष्य अन्धकार हुने हो कि ?

तान :	त्यसमा पनि तिमीले धन्दा मान्नुपर्दैन । जो भएको कपासबाट धागो काट्ने र धागो मोटो पार्ने काममा तिम्रो सहभागिता हुने नै छ  फेरि आजकल नेपाली युवा वैज्ञानिकहरू तिम्रो र मेरो क्षमता बढाउन अनुसन्धान गर्दै छन् रे भन्ने सुन्दछु ।

चर्खा :	यो त दाइले साह्रै राम्रो कुरा सुनाउनुभयो । त्यसो भए म निर्धक्कसँग बाँच्न पाउने भएँ ।



यत्तिकैमा घरकी मालिक्नी सुकुमाया घर आइपुग्छिन् । सुकुमाया आएको चाल पाएर तान र चर्खा आफ्नो संवाद बन्द गर्दछन् । एकछिन सुस्ताएपछि सुकुमायाकी छोरी चर्खा घुमाउन थाल्छिन् । सुकुमायाचाहिँ तानमा पटासी बुन्न थाल्छिन् । सवै जना काममा व्यस्त हुन्छन् । कसैलाई पनि बोल्ने फुर्सद हुँदैन ।

# उर्धन र लुसी



आज गाउँ घरमा ठूलो चहलपहल छ । केटाकेटीहरू राम्रारामा लुगा लगाएर पिङ खेल्न जान थालेका छन् । घरघरमा दसैं आयो, दसैं आयो भन्ने सुनिन्छ । बूढाबूढी, युवायुवती सबै काममा व्यस्त छन् । घर सफा सुग्घर पार्ने, दसैंको लागि किनमेल गर्ने आदि काममा सबै लागेका छन् । आज फूलपातीको दिन परेकाले वडाइ हेर्न जाने उत्सुकता अझै बढेको छ । लक्ष्मीनारायणको घर वा चहलपहल अझै छ । आज चिउरा कुटी सकेर बजार जानु छ । उनका दुईओटी छोरीहरू बिहान देखिनै चिउरा कुट्ने कुरा सुनेर अत्यन्त खुसी भएका छन् । उनीहरूले लक्ष्मीनारायणलाई चाँडो चिउरा कुट्न आग्रह गर्दै छन् । यता लक्ष्मी नारायण चिउरा कुट्ने तयारीमा लागेका छन् । आजकल घरमा चिउरा कुट्न गाह्रो भएको छ । तैपनि उनी बजारको महङ्गो चिउरा किन्नुको सट्टा आफ्नै घरमा ताजा चिउरा बनाउने तरखरमा छन् । उनका छोरीहरू आफ्ना पिताजीले गरेको तयारी हेरेर बसेका छन् ।

हेर्दाहेर्दैमा लक्ष्मीनारायणले घरको आँगनमा उर्धन र दुईओटा लुसी ल्याए । एउटा लुसाकुटी र चिउरा हाल्ने डालो तथा नाङ्लो ल्याए । उनकी श्रीमतीले पिंडीको एक छेउमा इटमा चक्का लगाएर त्यसमाथि माटाको हाँडी बसालिन् । चिउरा कुट्ने तयारीमा अघिल्लो दिनमा नै धान पानीमा उसिनेर राखिएको थियो । त्यो भिजाएको धान पानीबाट उतारेर चाल्नोमा राखी पानी तर्काउने काम पनि उनैले गरिन् । एक प्रकारले सुख्खा भएको त्यो धानबाट केही धान हाँडीमा राखेर उनी धान भुट्न तयार भइन् । धान भुट्नका लागि आफ्नै बारीको ढोढ जम्मा गरिएको थियो । धान चलाउने कप्टेरा, हाँडी समात्ने कपडाको

टालो, तातो धान खन्याउने नाङ्लो सबै नजिकनजिक राखियो । यत्तिकैमा लक्ष्मीनारायण दुईओटा चुलबुले छोरी आएर उर्घल र लुसी समाउँदै आफ्नो जिज्ञासा प्रकट गर्न थाले ।

गीता : बावा, यो उर्घल भनेको के हो ?

लक्ष्मीनारायण : यो काठले बनेको चिउरा वा धान कुट्ने यन्त्र हो । यो एउटै काठको मुढो कपी वनाइन्छ ।

गीता : वाबा, यो लुसी भनेको के हो नी ?

लक्ष्मीनारायण : छोरी, यो काठले बनेको चिउरा कुट्ने साधन हो । यो चार फिट जति लामो र चार इन्च गोलाइ भएको काठको यन्त्र हो । यसको दुवै टुप्पा गोल पारिएको हुन्छ र यसलाई बीचमा समातेर उर्घलमा जोडले बजारिन्छ ।

गीता : यो सानो काठको साधनलाई के भन्छन् ?

लक्ष्मीनारायण् : यसलाई लुसाकुटी भनिन्छ । चिउरा कुट्ने वेलामा यसले चिउरालाई यताउता चलाउने काम गर्छ ।

सीता : वावा, चिउरा कुट्न केके गर्नुपर्छ ?

लक्ष्मीनारायण : छोरी, चिउरा कुट्ने काममा ठूलो तयारी गर्नुपर्छ । सवभन्दा पहिले धान उसिन्नुपर्छ । उसिनेको धानलाई हाँडीमा भुट्नुपर्दछ । धान पिटपिट गर्न थाले पछि यसलाई हत्तपत्त नाङ्लोमा खन्याएर सिधै उर्घलमा हाल्नुपर्छ । अनि दुईजना युवायुवतीले लुसीले ओखलको धानमा हान्दै लुसाकुटीले चलाउँदै गर्नुपर्छ । लुसाकुटीले नचलाए धानबाट चिउरा नबनेर एउटै गुजुल्टो पर्दछ । त्यस्तै धेरै तातो धान उर्घलमा हालेपनि धान सबै एउटै डल्लो पर्दछ । ठीक मन्द तातो धान उर्घलमा हालेर लुसाकुटीले चलाउँदै लुसीले वारम्वार प्रहार गर्दा राम्रा पातला चिउरा बन्दछन् ।

गीता : वावा, चिउरा कुट्दा दुवै जना चाहिन्छन् कि एक जना भए पनि हुन्छ ?

लक्ष्मीनारायण : दुई जनाले पालैसँग लुसी चलाउँदा चिउरा सजिलैसँग वनाउन सकिन्छ र चिउरा कुट्ने काम चाँडो हुन्छ । एकजनाले मात्रै पनि चिउरा कुट्न सकिन्छ । एकजनाले मात्र कुट्दा ढिलो हुन्छ ।

सीता : वावा, चिउरा पनि पातलो र बाक्लो हुन्छ ?

लक्ष्मीनारायण : हुन्छ छोरी, धेरै वेर चिउरा कुट्नाले चिउरा लाम्चो र पातलो हुन्छ । थोरै वेर कुट्दा चिउरा बाक्लो हुन्छ ।

गीता : धान धेरै भुटियो भने के हुन्छ ?

लक्ष्मीनारायण : धान धेरै भुटिएमा चिउरा धुलो हुन्छ । त्यसैले चिउरा कुट्ने काममा अनुभवी मानिस चाहिन्छ ।

सीता : चिउरा कुट्दा खतरा पनि छ कि ?

लक्ष्मीनारायण : अवश्य छ, दुईजनाले लुसी चलाउँदा समयको तलमाथि परेमा लुसीमाथि लुसीले ठक्कर दिन्छ र यसबाट हात भाँचिने एवम् घाउ चोट लाग्ने सम्भावना रहन्छ । अर्को कुरा लुसाकुटीले चिउरालाई ओल्टाइपल्टाइ गर्दा पनि ध्यान पुऱ्याउनुपर्दछ । लुसी माथि उचालेको समयमा यो काम छिटोछिटो गर्नुपर्छ ।

गीता : वावा, त्यसो भए चिउरा कुट्ने काममा वढीमा दुईजना लाग्न सक्छन् ?

लक्ष्मीनारायण : वढीमा एकसाथ तीनजनाले पनि एउटै उर्घलमा चिउरा कुट्न सक्छन् ।

सीता : चिउरावाहेक उर्घलमा अरू के कुट्न सकिन्छ ।

लक्ष्मीनारायण : साधारण धानवाट चामल निकाल्न पनि उर्घलको प्रयोग गर्न सकिन्छ । तर यस्तो धान कुट्न मुसलको प्रयोग गर्नुपर्छ ।

सीता : मुशल भनेको लुसीभन्दा सानो टुप्पामा फलामको धारिलो सामी जडान गरेको काठको वस्तु हो ।

गीता : चिउरा खाने चलन कहिले देखि चलेको हो ?

लक्ष्मीनारायण : यो प्रश्नको उत्तर दिन कठिन छ । परापूर्व कालदेखि नै नेपालमा चिउरा खाने चलन चलेको हुनुपर्छ ।

गीता : विशेप गरेर चिउरा कहिले खाइन्छ ?

लक्ष्मीनारायण : विशेप गरेर चिउरा जात्रामात्रा, उत्सव, पर्वमा खाइन्छ । नेपाली समाजमा असार १५ मा रोपाइँ सकेर दही चिउरा खाने चलन छ । त्यस्तै वडा दसैंमा मासु चिउरा खाइन्छ । सतविज छर्ने दिनमा पशुपति नाथको कैलासमा वसेर पनि दही चिउरा खाइन्छ ।

सीता : चिउराले खानाको पनि काम दिन सक्छ ?

लक्ष्मीनारायण : अवश्य दिन्छ, भ्रमणमा जाँदा चिउराले खानाकै काम दिन्छ । यसबाहेक खाजाको रूपमा पनि चिउराको प्रयोग गरिन्छ । हाम्रो नेपालको तराई क्षेत्रमा चिउरालाई पानीमा भिजाएर खाने चलन छ । कुनैकुनै नेपाली समुदायमा विशेष गरेर काठमाडौं उपत्यकाका नेवार समुदायमा चिउरा खाजाको रूपमा अनिवार्य रूपले खाइने गरेको पाइन्छ ।

गीता : चिउरा कुट्ने काम गाह्रो जस्तो देखिन्छ । चिउरा तयार गर्ने यही एउटा मात्र प्रविधि हो कि ?

लक्ष्मीनारायण : होइन, आजकल मेसिनले चिउरा कुट्न थालेको छ । मेसिनले भनेको जस्तो चिउरा एकदमै चाँडो तयार पार्दछ ।

गीता : त्यसो भए, चिउरा कुट्ने हाम्रो परम्परागत कार्यमा बाधा पर्ने भयो ।

लक्ष्मीनारायण : चिउरा कुट्ने मेसिनले हाम्रा परम्परागत प्रविधिमा ठूलो प्रभाव पारेका छन् । कैयौं ठाउँमा उर्घल र लुसीलाई मेसिनले विस्थापित गरेका छन् । प्रायश: बिजुलीको सुविधा भएको ठाउँमा उर्घल र लुसी देखा पर्न छोडेका छन् । परम्परागत रूपमा चिउरा कुट्न शारीरिक बल धेरै चाहिने हुन्छ र यो प्रक्रिया ढिलो पनि हुन्छ । त्यसैले हामीहरू सजिलोसँग चिउरा तयार गरी दिने मेसिनतर्फ आकर्षित भएका हौं ।

सीता : बाबाले भनेअनुसार त चिउरा कुट्ने हाम्रो प्रविधि लोप हुने अवस्थामा छ । यसको संरक्षण गर्ने काम कतैबाट भएको छ कि छैन ?

लक्ष्मीनारायण : दुभार्ग्यवस, हालसम्म हाम्रा परम्परागत प्राविधि-सम्पदाको संरक्षण गर्ने काममा कसैको ध्यान जान सकेको छैन । भविष्यका दिनमा यिनको संरक्षण एवम् सुधार गर्ने काम सरकारी तथा निजी दुवै क्षेत्रबाट हुनेछ भन्ने कुरामा हामी आशावादी रहेका छौं ।

यत्तिकैमा लक्ष्मीनारायणको आँगनमा चिउरा कुट्ने काम चालु भयो । तातो-तातो चिउरा र दूध खान पाएर सबै केटाकेटी रमाए ।

# कुम्हालेको चक्र



मित्र राष्ट्रको एउटा पर्यटक नेपालमा परम्परागत हस्तकला र प्रविधिको जानकारी प्राप्त गर्ने उद्देश्यले नेपाल आइपुग्छ । नेपाल उत्रिनासाथ उसलाई यहाँका गगनचुम्नी पहाड, स्वच्छ र सेता हिमाली शृङ्खलाले मोहित पार्छन् । उसलाई ती पहाडमा गएर तिनको स्पर्श गरुँजस्तो लाग्छ । केही दिनको बसोवास पछि ऊ आफ्नो खोजी कार्यतर्फ लाग्दछ । लामो खोजतलास पछि उसले माटाका भाँडा वनाउने प्रविधिबारे जानकारी लिन एउटा पथप्रदर्शक साथ लिएर ऊ मध्यपुरको ठिमीमा पुग्दछ । मध्यपुर नगरपालिकाको ठिमीमा प्रायश: धेरै ठाउँमा माटाका भाँडा वनाउँदा रहेछन् । धेरै प्रकारका माटाका भाँडा घाममा सुकाएको र कुम्हालेले माटाका भाँडा वनाउँदै गरेको ठाउँ फेला परेपछि पथ प्रदर्शक र पर्यटक त्यहीं रोकिन्छन् ।

त्यस ठाउँको दृश्य बडो सुन्दर थियो । कुम्हालेका सारा परिवार माटाको भाँडा वनाउने काममा लागेका थिए । केही माटो मुछ्दै थिए, कोही भाँडा घाममा सुकाउँदै थिए, कोही भाँडा पोल्दे थिए र मुख्य कुम्हालेचाहिँ चक्र घुमाएर माटाका विभिन्न प्रकारका भाँडा वनाउँदै थियो । कुम्हालेको चक्र घुमिरहेको र त्यसको बीचमा राखेको माटोवाट कुम्हालेले आफ्नो इच्छानुसारको भाँडा वनाएको दृश्य अत्यन्त आकर्षक थियो । हाम्रा पर्यटक र पथप्रदर्शक मन्त्रमुग्ध भई त्यो दृश्य हेर्न थाले । जति हेरे पनि त्यो दृश्य हेरी रहूँजस्तो थियो । उनीहरूले धेरैवेर त्यो दृश्य हेरेपछि उनीहरूलाई माटाको भाँडा सम्वन्धमा केही जान्ने इच्छा जाग्रत भयो । तर मुख्य कुम्हालेलाई त्यतिखेर वोल्ने फुर्सद पनि थिएन । उसले चक्रमा राखेको माटोवाट सबै भाँडा वनाइसकेपछि चक्र घुमाउन छाड्यो । त्यतिखेर कुम्हालेलाई केही फुर्सद भएको जस्तो देखेर आगन्तुकहरूले प्रश्न गर्न थाले । आगन्तुक पाहुनाको प्रश्न र कुम्हालेको उत्तरलाई द्विभाषिक पथ-प्रदर्शकले अनुवाद गरिदिए । अनि उनीहरू बीचमा संवाद हुन थाल्यो -

पर्यटक : कुम्हाले दाइ ! नमस्कार । म तपाईंको प्रविधिसम्बन्धी जानकारी लिन तपाईंको देशमा टाढाबाट आएको छु ।

कुम्हाले : नमस्कार ! स्वागत छ तपाईंलाई ।

पर्यटक : दाइ, तपाईंले यो काम गर्नुभएको कति भयो ?

कुम्हाले : मेरो परिवारको पेसा नै यही हो । मैले बालककालदेखि नै यो काम गर्दै आएको छु । आज म करिब ५० वर्षको भएँ ।

पर्यटक : माटाका भाँडा बनाउने काम
कसरी गरिन्छ त्यो हामीलाई छोटकरीमा बताइदिनुहोस् ।

कुम्हाले : पहिले त भाँडा बनाउन माटोको छनौट गर्नुपर्छ । जुन पायो त्यही माटोको भाँडा बन्दैन । भाँडा बनाउने माटो लेसिँदो हटकुचा, गिचा, सिँचा आदि चाहिन्छ । यो माटो जहींतहीं पाइँदैन । यस्तो माटो ल्याई ठूला डल्ला फोरेर पानीमा भिजाउनुपर्दछ । एक, दुई दिन माटो पानीमा भिजेर ढाडिए पछि त्यसलाई गोडाले कुल्चेर मोल्नुपर्दछ र २, ४ दिन अँध्यारो छिँडीमा राख्नुपर्दछ । माटोका गिर्खा सबै माडिएपछि त्यसलाई हातले मुछ्नुपर्दछ । हातले मुछ्दा मा॑॑को थुप्रोलाई विभिन्न तरिकाले मुछेर यसलाई प्लास्टिकजस्तो बनाउनुपर्दछ । यस्तो माटोमा मसिनो बालुवाको केही भाग मिसाएर फेरि मुछिन्छ र चक्रमा राख्न लायकको बनाइन्छ ।

चक्रमा भाँडा बनाउन सबभन्दा पहिले चक्रकै तयारी गर्नुपर्छ । चक्र प्रायश: काठले बनेको हुन्छ र यसको परिधि अन्दाजी ५ फिटको हुन्छ । हिजो आज मोटरको टायरलाई पनि चक्रको रूपमा प्रयोग गर्न थालिएको छ । यस्तो काठको चक्रलाई जमिनमा एउटा फलामको डन्डीमाथि अड्याइएको हुन्छ । काठको चक्र यही डन्डीको वरिपरि घुम्दछ । काठको चक्रको माथिल्लो भागको छेउमा एउटा प्वाल हुन्छ, त्यही प्वालमा लाठो घुसारेर यो चक्कालाई फनफनी घुमाइन्छ । चक्रको बीचमा मुछेको माटोको थुप्रो राखिन्छ । तब घुमी रहेको चक्रमा भाँडा बनाउने काम हुन्छ ।

पर्यटक : भाँडा बनाउनु अगाडि अरू केके सामग्री चाहिन्छ ?

कुम्हाले : चक्र नगिचै पानीको भाँडो र एउटा धागो राखेपछि भाँडा बनाउने काम सुरु गरे हुन्छ ।

पर्यटक : भाँडा कसरी बनाइन्छ ?

कुम्हाले : भाँडा बनाउँदा पहिले चक्रको वीचमा माटोको थुप्रो राखिन्छ । चक्रको नगिचै एउटा भाँडामा पानी र तार वा धागो राखिन्छ । एउटा लामो लाठोले चक्रलाई छिटोछिटो घुमाएर छोडिन्छ । यसो गर्दा धेरै वेरसम्म घुमिरहन्छ । चक्र घुमी रहेको वेलामा माटोको थुप्रोमा दुवै हात लगाएर पानीले केही चिप्लो पार्दै भाँडा वनाउन थालिन्छ । घुमिरहेको चक्रमा माटोलाई थिच्दा माटो माथितिर वढ्दछ । यो वढेको माटोवाट इच्छानुसारका भाँडा वनाइन्छ । के-कस्ता भाँडा बनाउने हो तिनको आकृति मनमा हुनुपर्छ । अनि औँलाहरू चलाएर इच्छानुसारको आकारमा ढाल्नुपर्छ । यो काम गर्न अनुभव आवश्यक हुन्छ । अनुभव नभएको व्यक्तिले भाँडा वनाउन सक्दैन ।

पर्यटक : भाँडा बनी सकेपछि त्यसलाई कसरी झिक्नुहुन्छ ?

कुम्हाले : भाँडा वनेपछि त्यसको फेदमा धागोले वा तारले काटेर हल्का हातले भाँडोलाई माटोको थुप्रोबाट हटाइन्छ र घाममा राखिन्छ ।

पर्यटक : के सबै प्रकारका माटाका भाँडा चक्रमा नै वनाइन्छन् ?

कुम्हाले : वनाइँदैनन् । सानासाना भाँडामात्र चक्रमा वनाइन्छन् । ठूलाठूला भाँडा वनाउने तरिका वेग्लै छ ।

पर्यटक : ठूला भाँडा कसरी बनाउने त ?

कुम्हाले : अटल, घ्याम्पो, गाग्रोजस्ता ठूला भाँडा वनाउदा माटो थप्दै मुग्राले पिट्दै, अखाउँदै विस्तारै-बिस्तारै भाँडा वनाइन्छ ।

पर्यटक : ज्यादै साना भाँडा कसरी बनाउनुहुन्छ नि ?

कुम्हाले : पालाजस्तो ज्यादै सानो भाँडा वनाउन चक्रको आवश्यकता पर्दैन । माटोलाई हत्केलामा राखेर औँलाहरूले थिचेर नै आकारमा ल्याउन सकिन्छ ।

पर्यटक : भाँडालाई घाममा नै सुकाउनुपर्छ कि ?

कुम्हाले : चक्रबाट निकालीएको भाँडालाई एक दिन जति घाममा राखेर पछि केही दिन सेप अर्थात् घाम नलाग्ने ठाउँमा राखिन्छ । यसो नगरी घाममा मात्र सुकाउनाले भाँडा चर्किन्छ । २, ४ दिन सेपमा राखेर भाँडा अखेपछि घाममा ल्याएर सुकाइन्छ ।

पर्यटक : भाँडा कसरी पोल्नुहुन्छ ?

कुम्हाले : हामीले परम्परागत रूपले माटाका भाँडा पोल्दै आएका छौँ । हाम्रो मुख्य इन्धन पराल नै हो । यो पोल्ने काम हामी प्रयशः पानी नपर्ने हिउँदका दिनमा गर्छौं । पोल्दा पराल ओछ्याएर त्यसमाथि ठूला-ठूला भाँडा राखिन्छ । त्यसमाथि परालको पत्र राखिन्छ र त्यसमा केही साना भाँडा राखिन्छ यसरी पत्र-पत्र पार्दै परिधि घटाउँदै माथि सबभन्दा साना भाँडा राखेर चारैतिर परालले छोपिन्छ । यो ढिस्को जस्तो देखिने भट्टीलाई ४ इन्च जति वाक्लो खरानीले छोपिन्छ र तलबाट आगो लगाइन्छ । आगो विस्तारै-विस्तारै बल्दै जान्छ र भाँडाहरू पोलिन्छन् । २४ घण्टा जतिमा आगो बलिसक्छ र त्यहाँको भुतभुते आगोले भाँडा पोलिइन्छन् । हामीले आफ्नो अनुभवबाट र भाँडाको रङ्गबाट भाँडा पोलिएको वा नपोलिएको थाहा पाउँछौं । करिब दुई दिन पछि यो ढिस्को सेलाएपछि विस्तारबिस्तार भाँडा झिक्ने काम गरिन्छ ।

पर्यटक : तपाईंले वनाएको भट्टीको तापक्रम कति होला ?

कुम्हाले : करिब ७००°C को तापक्रम हुन्छ भन्ने कुरा मैले सुनेको छु ।

पर्यटक : माटाका भाँडामा पालिस लगाउनुहुन्छ कि हुँदैन ?

कुम्हाले : हा..। अहिलेसम्म पालिस लगाएका छैनौ । सुन्दछु कि पालिस लगाउन ११०० देखि १३००°C को तापक्रम चाहिन्छ । फेरि भट्टी पनि इँटको हुनुपर्छ र दाउरालाई इन्धनको रूपमा प्रयोग गर्नुपर्छ भन्ने मैले सुनेको छु ।

पर्यटक : तपाईंलाई यस कामबाट कति फाइदा भएको छ ?

कुम्हाले : कति हुनु, केवल दुई छाक खानसम्म पनि यो व्यवसायबाट पुग्दैन । हामीले भाँडा बनाउने त केवल खेतीको काम नभएको वेलामा मात्र हो । खेती नहुने हो भने हामी भोकभोकै भर्छौं ।

पर्यटक : तपाईंले वनाएका भाँडा कत्तिको बिक्री हुन्छन् ?

कुम्हाले : भाँडा बिक्री गर्न साह्रै गाह्रो छ । आजकल वजारमा प्लास्टिकका भाँडाले गर्दा हाम्रा भाँडा किन्ने मानिस नै पाइँदैनन् । हामीलाई साह्रै गाह्रो परेको छ ।

पर्यटक : तपाईंहरूलाई कसैले सहायता गरेको छैन ?

कुम्हाले : कसैले पनि सहायतता दिएको छैन । केवल मुखले मात्र यस्ता हस्तकलाको संरक्षण गर्नु पर्‍यो भनेको सुनिन्छ । व्यवहारमा कसैले केही गरेको देखिँदैन ।

पर्यटक : यो त साह्रै दुःख लाग्दो कुरा भयो ।

कुम्हाले : तपाईंले टाढाबाट आएर कमसेकम हाम्रो कथा र व्यथा सुन्नुभयो । यत्ति सुन्ने मानिस पाउन पनि कठिन छ ।


पर्यटक : कुम्हाले दाइ ! आशा गरौँ, भविष्य उज्यालो छ । कुनै दिन तपाईंको यो व्यवसायपट्टि पनि सरकार र निजीक्षेत्रको ध्यान जानेछ ।

कुम्हाले : यस्तै आशामा झुन्डिएर नै हामी बाँचेका छौँ । तपाईंले टाढाबाट आएर हाम्रा कुरा सुनी दिनु भयो । तपाईंलाई धेरैधेरै धन्यवाद छ ।

पर्यटक : दाइले पनि आफ्नो अमूल्य अनुभव र सीपबारे हामीलाई जानकारी दिनुभएकोमा दाइलाई धेरैधेरै साधुवाद छ ।
दुवैथरी हात जोड्छन् र आपसमा बिदा हुन्छन्



# तोरी पेल्ने कोल



आज घरमा सेल पाक्दै छ । आमा सेल पकाउनुहुन्छ । घरमा सेल पकाउन जान्ने आमा नै हुनुहुन्छ । छोरी सरितालाई पनि सेल पकाउन मन लागेको छ । तर उनी सानी छन् । दश वर्षकी नानीलाई सेल पकाउन दिनुहुँदैन । त्यसैले आमाले उनलाई पीठोमा घिउ मिसाएर मुछ्न लगाउनुभएको छ । सरिताका सानासाना हातले पीठो मुछेर के मुछिन्थ्यो । पछि आमाले आफैँ पीठो मुछ्नुभयो । त्यसमा पानी हालेर फेरि मुछ्नुभयो । यसरी मुछेको पीठो ३,४ घण्टा राखेपछि त्यसमा चाहिँदो मात्रामा पानी र चिनी मिसाएर लदरो झोल बनाउनुभयो । यत्तिको लदरो भएपछि सेल पकाउँदा डोरो बस्छ भन्ने कुरा आमालाई राम्ररी थाहा छ । यसरी पीठो तयार गरेर आमा सेल पकाउन तयार हुनुभयो । सेल खान हतार भएकी सरिता आमालाई चाँडो सेल पकाउन आग्रह गर्छिन् ।

सरिता : आमा, अब सेल पकाउने होइन ?

आमा : हो वा, तिम्रो बाबा कोलबाट तेल लिएर अझै आइपुग्नु भएको छैन ।

सरिता : हाम्रो बाबा कहाँ जानु भएको छ ?

आमा : उहाँ घरकै तोरी लिएर कोलमा पेल्न जानुभएको छ ।

सरिता : कोल भनेको के हो ?

आमा : कोल भनेको तोरी पेल्ने यन्त्र हो । तोरीबाट तेल निकाल्ने मेसिन हो ।

सरिता : किन बजारमा तेल किन्न पाइन्न र ! बाबा कोलमा जानुभएको हो ?

आमा : आफ्नै तोरी लगेर पेल्दा शुद्ध तेल पाइन्छ भनेर तिम्रो बाबा कोलमा जानुभएको हो ।

सरिता : मलाई पनि तोरीबाट कसरी तेल निस्कँदो रहेछ सो हेर्न मन लागेको छ ।

आमा : तिम्रा बाबालाई भनन, उहाँले लगेर तिमीलाई कोल देखाउनुहुनेछ । आमा छोरीको यस्तो कुरा हुँदै थियो घरका पिताजी ताजा तेल लिएर टुप्लुक्क आइपुग्नुभयो । तेल आइपुगेपछि आमाले सेल पकाउने ताइमा तेल हालेर तताउन थाल्नुभयो । तेल तताउँदै जाँदा तेलबाट प्रशस्त फिँज आयो । सबै फिँज मरेपछि आमाले सेलको डोरो ताइमा हाल्नुभयो । सेल पाक्न थाल्यो । फर्काईफर्काई गरेर आमाले सेल पकाएर थालमा राख्नुभयो । पहिलो सेल इष्ट देवतालाई चढाएपछि मात्र सरिताले सेल खान पाइन् । सेलको स्वाद अपूर्व थियो । आमा सेल पकाउनमा व्यस्त हुनुभयो । यता पिताजीसँग सरिताले कोलको बारेमा प्रश्न गर्न थालिन् ।

सरिता : बाबा, मलाई पनि तोरी पेल्ने कोल हेर्न मन लागको छ ।

पिताजी : हुन्छ, म एक दिन तिमीलाई लिएर कोलमा जानेछु ।

सरिता : कोल यहँबाट कति टाडा छ ?

पिताजी : करिब ४ किलोमिटर जति टाडा होला ।

सरिता : चाँडै जाउन ।

पिताजी : तोरी पेल्ने दिन पारेर त्यहाँ जानुपर्छ, नत्र तेल निकालेको हेर्न पाइँदैन । तोरी पेल्ने काम दिनहुँ गरिँदैन ।

सरिता : त्यसो भए, बाबाले कोलको मालिकलाई सोधेर जाने दिन मिलाउनुहोस् है ।

पिताजी : हुन्छ म कोलको साल्मीलाई फोन गरेर समय मिलाउँदा त्यसको करिब १५ दिनपछि साल्मीसँग समय लिएर सरिता र उनका पिताजी कोल हेर्न घरबाट निस्के । करिब एक घण्टामा उनीहरू कोलमा पुगे । कोलको साल्मीले उनीहरूको स्वागत पनि गरे ।

साल्मी : आऊ नानी, तिम्रा बाबाले भनेअनुसार तिमीलाई कोल हेर्न मन लागेको रहेछ ।

सरिता : हो काका, मलाई तपाईंले कोल हेर्न मन लागेको छ । यो कोलले कसरी तोरीबाट तेल निकाल्छ सो पनि मलाई देखाइदिनुहोस् ।

साल्मी : हो नानी, तोरी पेल्नुभन्दा अगाडि तोरीलाई सफा गर्नुपर्छ । ढिकीमा कुटेर च्याख्ला जस्तो बनाउनुपर्छ । तोरीको च्याख्लालाई ठूलो कराहीमा भुट्नुपर्दछ । यसरी भुट्दा तोरीलाई डढ्न दिनुहुँदैन । बीच-बीचमा पानी छर्कँदै भुट्ने गर्नुपर्छ । भुटेको तोरी हातमा लिएर औँलाले थिच्दा एउटै डल्लो नपर्ने भएपछि

भुट्ने काम पूरा हुन्छ । त्यसपछि तात्तातै त्यो तोरीलाई तीनकुना परेको बाँसको चोयाले मसिनो गरी बुनेको भाँडोमा राखिन्छ र काठको कोलमा त्यसलाई च्यापिन्छ । बडावडा काठका सत्तरीले बेसरी च्याप्दा चोयाको छिद्रछिद्रबाट तेल निस्कन्छ र तल थापेको भाँडोमा जम्मा हुन्छ । तेल नआऊजेल यो थिच्ने काम गरिन्छ । पहिलोपल्ट तोरी पेल्दा निस्केको तेल पहेँलो र मगमग बास्ना आउने हुन्छ ।

सरिता : काका, कोलले कसरी काम गर्छ ?

साल्मी : नानी, कोल धेरै प्रकारको हुन्छ । प्रायश: चल्तीमा रहेको कोलमा काठका दुईओटा ठूला ठूला सत्तरी जमिनभन्दा केहीमाथि काठमा अड्याइएको हुन्छ । यो दुईमध्ये एउटा सत्तरीलाई स्थिर राखिन्छ र अर्को सत्तरीलाई पेचद्वारा टाडा र नजिक गर्न सकिन्छ । कोलमा तोरी पेल्नुपर्दा चलायमान सत्तरीलाई पेच घुमाएर टाडा लगिन्छ र तोरी पेल्दा नजिकै ल्याएर खुब कसिन्छ । दुईओटा काठका सत्तरी जति कस्न सक्यो उत्ति वढ्ता तेल तररर चुहिन्छ ।

सरिता : एकपल्ट पेली सकेको तोरीलाई के गरिन्छ ?

साल्मी : एकपल्ट पेलेको तोरीलाई चोयाको भाँडोबाट झिकेर फेरि कराइमा पानी छ्याप्दै भुटिन्छ । यसरी भुटेर फेरि दोस्रोपल्ट कोलमा पेलिन्छ । यसपटकमा केही मैलो तेल निस्कन्छ यो मैलो तेललाई बेग्लै राखिन्छ ।

सरिता : पेली सकेको तोरी के गरिन्छ ?

साल्मी : पेली सेकको तोरीलाई पिना भनिन्छ । यो पिना गाईवस्तुलाई पीठोसँग मिसाएर खुवाइन्छ । यसलाई खेतवारीमा मलको रूपमा पनि प्रयोग गरिन्छ । आजकल कुखुरा र अन्य पाल्तु वस्तुको सन्तुलित आहार बनाउन पीनाको प्रयोग गरिन्छ ।

सरिता : काकाहरूको कोलबाट निस्केको तेल अरू बजारिया तेलभन्दा महङ्गो हुन्छ कि ?

साल्मी : अवश्य पनि अरू तेलभन्दा यो केही महङ्गो हुन्छ । बजारमा पाइने तेल भुटेको तोरीबाट निकालिएको होइन । आजकल आधुनिक मेसिनले काँचै तोरीबाट तेल निकाल्छ । यस्तो तेल सस्तो हुनै भयो ।

सरिता : भुटेको तोरीको तेलको के फाइदा छ ?

सालमी : भुटेको तोरीको तेल हाम्रो नेपाली समाजमा शरीरमा मासिल गर्ने, तरकारी पकाउँदा भुटुन हाल्ने आदि काममा प्रयोग गरिन्छ । यो तेल गन्हाउँदैन र यसवाट काती पनि निस्कदैन ।

सरिता : काती भनेको के हो ?

सालमी : केही समयपछि नभुटेको तोरीको तेलवाट सेतोसेतो ठोस पदार्थ उम्रेर आउन थाल्छ । यसबाट तेलको मात्रा घट्ने मात्र होइन, तेल विषालु पनि हुँदै जान्छ ।

सरिता : काका, तेल र घिउमा तपाईं कसलाई उत्तम ठान्नुहुन्छ ।


सालमी : नानी, दुवैको आ-आफ्नो ठाउँमा आफ्नै महत्त्व छ । हाम्रो प्रचलन र संस्कृतिअनुसार हामीलाई तेल र घिउ दुवै चाहिन्छन् । एउटा कुरोचाहिँ महत्त्वपूर्ण छ - घिउ पचाउनचाहिँ केही गाऱ्हो हुन्छ तर तेल भने सजिलैसँग पच्दछ ।

सरिता : यसो किन भएको होला ?

सालमी : सायद् घिउको संरचना र तेलको संरचनामा केही अन्तर छ ।

सरिता : काका, आज तपाईंले कोल र तेलसम्वन्धी ज्यादै महत्त्वपूर्ण कुरा वताइदिनुभयो । काकालाई धेरैधेरै धन्यवाद छ ।

सालमी : सानो छोरीले यत्तिविधि चासो राखेर जान्न खोजेको कुरा सुनाउन पाउँदा मलाई औधि हर्ष र सन्तोष लागेको छ । तिमीलाई पनि धन्यवाद छ । यत्ति भनेर पिताजी सालमीसँग विदा भएर छोरीसँगै घर फर्किनुहुन्छ ।



## पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं २०५८ मा प्रकाशित

### बाल सन्दर्भसामग्रीहरू

- **बालमेला**
  (बाल कवितासङ्ग्रह) — कवि माधव घिमिरे, क्षेत्रप्रताप अधिकारी समेतका कविहरू
- **हाम्रा प्राविधिक सम्पदा**
  (विज्ञान तथा प्रविधि) — डा. छविलाल गजुरेल
- **अमूल्य उपहार**
  (बाल कथासङ्ग्रह) — विजय चालिसे, जनकप्रसाद हुमागाईं
- **चतुरेको चर्तिकला**
  (बाल कथासङ्ग्रह) — गोरखबहादुर सिंह
- **हाम्रा केही प्रतिभा**
  (जीवनी) — जयप्रसाद लम्साल, द्रोण दाहाल
- **The Tales Retold**
  (Short Stories) — Jagannath Awa
- **केही अनौठा प्राणी र वनस्पति**
  (विज्ञान तथा वातावरण) — ध्रुव घिमिरे, गुहनाथ पौडेल
- **८० दिनमा विश्व भ्रमण**
  (बाल उपन्यास) — अनुवाद
- **हाम्रा सम्पदा**
  (हाम्रा केही प्राकृतिक तथा सांस्कृतिक सम्पदा) — विश्वम्भर चञ्चल
- **बाल सँगालो**
  (विविध रमाइला बाल सामग्रीको सँगालो) — सङ्कलन

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र